




राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २२ ❑ अङ्क १५० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ जेठ ३० गते आइतबार ❑ 13 June 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-


## मुख्यमन्त्री कृष्णचन्द्रसहित पाँच मन्त्रीले लिए सपथ

**पोखरापत्र संवाददाता**
**पोखरा, २९ जेठ**

गण्डकी प्रदेशका नवनियुक्त मुख्यमन्त्री कृष्णचन्द्र नेपालीले पद तथा गोपनीयताको शपथ ग्रहण गरेका छन् । आफ्नो सरकारी निवासमा आयोजित समारोहमा नेपालीलाई प्रदेश प्रमुख सीताकुमारी पौडेलले शनिबार साँझ पद तथा गोपनीयताको शपथ ग्रहण गराएकी हुन् ।



प्रदेश प्रमुख पौडेलले नेपालको संविधानको धारा १६८ को उपधारा ५ बमोजिम नेपालीलाई मुख्यमन्त्रीमा नियुक्त गरेकी हुन् । मुख्यमन्त्रीसँगै नेपाली कांग्रेसका कुमार खड्का, नेकपा (माओवादी केन्द्र)की मधुमाया अधिकारी, जनता समाजवादी पार्टी नेपालका हरिशरण आचार्य र स्वतन्त्र प्रदेशसभा सदस्य राजीव गुरुङले विनाविभागीय मन्त्रीका रुपमा पद तथा गोपनीयताको शपथ लिएका थिए । गुरुङ मनाङ, अधिकारी लमजुङ, आचार्य गोर्खा, खड्का कास्कीबाट गण्डकी प्रदेश सभा सदस्यमा निर्वाचित भएका थिए । समारोहमा सभामुख नेत्रनाथ अधिकारी, उच्चपदस्थ सरकारी अधिकारी, प्रदेशसभा सदस्यलगायतको उपस्थिति थियो ।

पोखरेलले ३० दिनभित्र प्रदेशसभाबाट विश्वासको मत लिनुपर्ने संवैधानिक व्यवस्था छ । पुर्ख्यौली थलो तनहुँ भएका ७१ वर्षीय पोखरेल प्रदेशसभा सदस्यमा पूर्वी नवलपरासी निर्वाचन क्षेत्र १ प्रदेश (क) बाट विजयी बनेका थिए ।

यस अघि नयाँ सरकार बन्नको लागि प्रदेश प्रमुख पौडेलले शनिबार दिउँसो ३:०० बजेसम्मको लागि (२४ घण्टाको) समय सिमा दिए पनि ३१ सांसदको दाबी पेश गरेको कांग्रेस नेतृत्वको गठबन्धनलाई कुनै जानकारी नगराए पछि सोधपुछ गर्न प्रदेश कार्यालयको निवासमा सांसदहरु पुगेका हुन् । गठबन्धनका ३१ सांसदहरु प्रदेश प्रमुख समक्ष भित्र भेटन जान नदिएसंगै प्रहरीले अबरुद्ध गरेकोले आन्दोलन चर्कीएसंगै प्रदेश प्रमुखले पोखरेललाई मुख्यमन्त्रीमा नियुक्त गर्न बाध्य भएको गठबन्दनका एक सांसद कुमार खड्काले बताए ।

नेकपा एमाले संसदीय दलका नेता एवं काम चलाउ सरकारका मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङले समेत दाबी पेश गरेका थिए । गुरुङले प्रदेशसभा सदस्यबाट पदमुक्त भइसकेका राष्ट्रिय जनेमार्चाका कृष्ण थापा र जनता समाजवादी पार्टी (जसपा)को प्रदेश कमिटीको समर्थनमा आफ्नो दाबी पेश गरेपछि विपक्षी गठबन्धनका सांसदहरुले प्रदेश प्रमुखको कार्यालयमा धर्ना दिएका थिए ।

प्रदेश प्रमुखको निवासको गेट अगाडि एक स्वतन्त्र सहित ४ दलका ३१ जना सांसद स–सरीर उपस्थित भई प्रदेश प्रमुख समक्ष जान खोज्दा प्रहरीले भित्र जान नदिएपछि विधि र प्रकृया बिरुद्ध सडयन्त्र भएको भन्दै सांसदहरुले गेट अगाडी नै धर्ना दिएसंगै पोखराका विभिन्न क्षेत्रमा सडकमा आन्दोलन चर्कीएसंगै करिब दुई घण्टा आन्लोलन चलेसंगै प्रदेश प्रमुखबाट पोखरेललाई मुख्यमन्त्रीमा नियुक्त गर्ने पत्र तयारी हुदै गरेको सूचना आएसंगै आन्दोलन स्थगित भएको माओबादी केन्द्रका एक सांसद रामजी प्रसाद बराल जीवनले जनाए । पोखराका केही ठाँउमा केही युवाले टायर वालेर आन्दोलन चर्काएसंगै प्रदेश प्रमुखले बाध्य भयर पोखरेललाई नियुक्त गरेको उनले जनाए । प्रदेश प्रमुख बिरुद्ध केही युवाहरुले नारा जुलुस समेत प्रदर्शन गरेका थिए भने पोखराको न्युरोड, सृजनाचोक लगायतका ठाँउमा टायर वालेर आन्दोलन गरेका थिए ।

शनिबार करिब ३:३० बजेसम्म प्रदेश प्रमुखको कार्यालयबाट गठबन्दनलाई कुनै जानकारी नआएकोले ३१ जना सांसद प्रदेश प्रमुखको निवासमा बुझ्न आएका थिए । शुक्रबार नै बेलुका ससरीर उपस्थित भई सनाखत समेत गराई नयाँ सरकारको दाबी गरे पनि नयाँ सरकार गठन भने शनिबार ३:०० बजेसम्मको लागि कुर्न प्रदेश प्रमुखले आग्रह गरेकी थिइन्। गुरुङको मुख्यमन्त्री दावीप्रति एमालेमै केही सांसदहरु असन्तुष्टि भएको श्रोतको दाबी छ। गठबन्दनले कांग्रेस १५, माओबादी केन्द्र ११, जनता समाजवादी पार्टी २, राष्ट्रिय जनमोर्चा २ र एक स्वतन्त्र सहित प्रदेश प्रमुख कार्यालयमा दाबी पेश गरेको थियो ।

## रोग र भोकको सम्बोधन गर्न पूर्वप्रधानमन्त्रीको आग्रह

**रासस**
**काठमाडौं, २९ जेठ**

पाँच पूर्वप्रधानमन्त्रीले कोरोनाविरुद्ध खोपको समुचित व्यवस्था गर्दै निषेधाज्ञाका कारण बन्देजको अवस्थामा विपन्न, श्रमजीवी वर्ग एवं समुदायमा परिरहेको मर्काप्रति संवेदनशील हुन सरकारसँग माग गरेका छन् ।

कमजोर वर्ग तथा समुदायमा परेको रोग र भोकको समस्याको सम्बोधन गर्न आवश्यक कार्ययोजनासहित अग्रसर हुन उनीहरूले सरकारसँग अनुरोध गरेका हुन् । उनीहरूले संवैधानिक व्यवस्था, कानूनी राज्य र लोकतन्त्रका आधारभूत सिद्धान्त एवं मूल्यमाथि हमला भइरहेको भन्दै त्यसविरुद्ध ऐक्यवद्धता जनाउँदै शनिबार अपिल गरेका छन् । विज्ञप्तिमा नेपालको बारेमा नेपालीले नै निर्णय गर्नुपर्छ र नेपालको आन्तरिक राजनीतिमा वाह्य शक्तिको प्रत्यक्ष वा परोक्ष हस्तक्षेप एवं चलखेल हुन नपाओस् भन्नेमा सजगताका लागि सबैको ध्यान आकर्षित गर्न चाहेको उल्लेख गरेका छन् । संयुक्त विज्ञप्तिमा भनिएको छ "प्रधानमन्त्रीका क्रियाकलापका कारण देशले अस्थिर र अन्योलग्रस्त राजनीतिक स्थितिको सामना गरिरहेको बेला सरकारले घाटा बजेट पूर्ति गर्ने निहुँमा देशका विभिन्न भागबाट ढुङ्गा, वालुवा र गिटी उत्खनन् गरी विदेशमा निकासी गर्ने कार्यक्रम ल्याउनु राष्ट्रहित र जनविरोधी छ ।"

उनीहरूले यस्तो गलत निर्णयबाट अत्यन्त संवेदनशील अवस्थामा रहेको नेपालको भू-बनौटमा असर पर्न गई गम्भीर पर्यावरणीय समस्या सिर्जना हुनेछ उल्लेख गरेका छन् । संयुक्त विज्ञप्ति जारी गर्ने पूर्वप्रधानमन्त्रीमा शेरबहादुर देउवा, पुष्पकमल दाहाल 'प्रचण्ड', माधवकुमार नेपाल, झलनाथ खनाल र डा बाबुराम भट्टराई रहेका छन् ।

## कोरोना संक्रमित हुनेभन्दा मुक्त हुने धेरै

**रासस**
**काठमाडौं, २९ जेठ**

पछिल्लो २४ घण्टामा कोरोना सङ्क्रमित हुनेभन्दा निको हुने सङ्ख्या लगभग दोब्बर भएका छन् ।

सो अबधिमा तीन हजार ७५० सङ्क्रमित थपिएका थिए भने छ हजार २९५ ले सङ्क्रमणमुक्त भएका छन् । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार १५ हजार १८२ नमूना परीक्षण गरिएको थियो । तीमध्ये नौ हजार ५९८ पिसिआर बिधिबाट र पाँच हजार ५८४ एन्टिजेन बिधिबाट परीक्षण गरिएको थियो । नेपाली सेनाले विभिन्न मितिमा गरेको शव व्यवस्थापनसहित ६७ जनाको मृत्यु भएको छ । यो विवरणसहित हालसम्म कूल आठ हजार ३०५ जनाको कोरोनाका कारण दुःखद निधन भएको छ ।

मन्त्रालयका अनुसार कूकल छ लाख चार हजार ३९६ जनाको कोरोना पोजेटिभ देखिएको छ। यस्तै, पाँच लाख २० हजार ८१६ जना निको भएका छन। निको हुने दर ८६.२ प्रतिशत रहेको छ। काठमाडौं उपत्यकाका तीन जिल्ला मध्ये काठमाडौंमा सक्रिय सङ्क्रमितको संख्या १० हजार ५१ जना रहेको छ । कूल एक लाख ८६ हजार २०३ निको भएका छन् भने एक हजार ७५० जनाको निधन भएको छ । भक्तपुरमा दुई हजार ९४६ जना सक्रिय सङ्क्रमित रहेकामा १८ हजार ४२ निको भएका छन् । यस्तै, ३४९ को मृत्यु भएको छ ।

ललितपुरमा कूल तीन हजार ९९४ जना सक्रिय संक्रमित रहेकामा ३१ हजार ३१२ जना निको भएका छन् । यस्तै, ५०५ जनाको निधन भएको छ । मन्त्रालयका अनुसार ५०० भन्दा माथि उपचारार्थ सङ्क्रमित भएका जिल्लाको सङ्ख्या ४५ रहेको छ । प्रदेश नं १ को मोरङ, सुनसरी र झापामा ५०० बढी सङ्क्रमित रहेका छन् । प्रदेश नं २ को रौतटह, धनुषा,

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## प्रधानमन्त्रीलाई हत्याको धम्की अभिव्यक्ति निन्दनीय : एमाले

**रासस**
**काठमाडौं, २९ जेठ**

नेकपा (एमाले)ले प्रधानमन्त्री केपी शर्मा ओलीको हत्या गर्न वाग्मती प्रदेशसभाका एक सदस्यले दिएको धम्कीलाई अत्यन्त गम्भीररूपमा लिएको जनाएको छ ।

पार्टीका प्रवक्ता प्रदीपकुमार ज्ञवालीले शनिबार विज्ञप्ति जारी गर्दै प्रदेशसभाको शुक्रबारको बैठकमा कांगेसका सदस्य नरोत्तम वैद्यले प्रधानमन्त्री ओलीको हत्याका लागि अरुलाई समेत दुरुत्साहन गर्ने र आवश्यक परे आफैँ पनि हत्याका लागि तयार रहेको निजको अभिव्यक्ति आपराधिक, अत्यन्त आपत्तिजनक र निन्दनीय रहेको बताएका छन् ।

बैठकमा प्रदेशसभा सदस्य वैद्यले आफू प्रधानमन्त्री ओलीका विरुद्ध नाथुराम गोड्से बन्न तयार रहेको अभिव्यक्ति दिएका थिए । "उक्त अभिव्यक्तिको घोर भर्त्सना गर्दै हाम्रो पार्टी यो विषय मुलुकको फौजदारी कानूनसमेत आकर्षित हुने विषय हो भन्ने ठान्दछ र यस विषयमा सम्बद्ध राजनीतिक दलको समेत गम्भीर ध्यानाकर्षण गर्दछ", विज्ञप्तिमा भनिएको छ ।

## कांँग्रेसको १४ औँ महाधिवेशन भदौ १६-१९ मा

**रासस**
**काठमाडौं, २९ जेठ**

नेपाली काँग्रेसको १४ औँ महाधिवेशनको मिति नौ दिन पछि सर्ने भएको छ ।

सभापति शेरबहादुर देउवा निवास बूढानिलकण्ठमा पार्टी पदाधिकारी र पूर्व पदाधिकारीको आजको बैठकले महाधिवेशन आगामी भदौ १६ देखि १९ गतेसम्म गर्ने निर्णय गरेको सहमहामन्त्री डा प्रकाशशरण महतले जानकारी दिए । उक्त निर्णय काँग्रेस केन्द्रीय कार्यसमितिको आगामी असार ३ गते बस्ने बैठकले पारित गर्ने उनले बताए । काँग्रेसले यसअघि केन्द्रीय महाधिवेशन आगामी भदौ ७ देखि १० गतेसम्म काठमाडौं गर्ने तालिका निर्धारण गरेको थियो । सोहीअनुसार क्रियाशील सदस्यतासम्बन्धी कार्य टुङ्ग्याउने र अन्य तहका अधिवेशन गर्ने मिति तोकिएको थियो ।

महामारीको विषम परिस्थितिका कारण यसअघिको निर्धारित महाधिवेशन कार्यतालिका प्रभावित भएको भन्दै काँग्रेसले नयाँ कार्यतालिका निर्धारण गर्नुपरेको जनाएको छ ।

## उच्च मनोबलका साथ दायित्व पूरा गर्न प्रहरीलाई गृहमन्त्रीको निर्देशन

**रासस**
**काठमाडौं, २९ जेठ**

गृहमन्त्री खगराज अधिकारीले समाज र नागरिकसँग प्रत्यक्ष जोडिने नेपाल प्रहरीलाई उच्च मनोबलका साथ दायित्व पूरा गर्न निर्देशन दिएका छन् ।

प्रहरी प्रधान कार्यालयको आज निरीक्षण भ्रमणपछि आयोजित समारोहलाई सम्बोधन गर्दै उनले परिस्थितिको सामना गर्ने क्रममा राष्ट्रलाई शिरमा राखेर अगाडि बढ्न पनि निर्देशन दिए । प्रतिनिधिसभाको निर्वाचन सफलतापूर्वक सम्पन्न गर्ने क्रममा प्रहरीको भूमिका महत्वपूर्ण रहेको उनले स्मरण गराए ।

कोभिड-१९ सङ्क्रमणको विषम परिस्थितिमा अग्रपङ्क्तिमा खटिएको नेपाल प्रहरीले समाजमा शान्ति सुरक्षा, अमनचयन कायम गर्ने, अपराध अनुसन्धान तथा नियन्त्रण गर्ने एवं नागरिकको जीउधनको सुरक्षामा अहोरात्र निर्वाह गरेको भूमिकाको प्रशंसा गरे ।

सीमित साधन स्रोतका बाबजुद नेपाल प्रहरीले सुम्पिएको जिम्मेवारी सफलतापूर्वक पूरा गर्दै आएको स्मरण गर्दै उनले आवश्यक व्यवस्थापनमा गृह मन्त्रालय सदैव प्रतिबद्ध रहेको स्पष्ट पारे । निरीक्षण भ्रमणका क्रममा गृहमन्त्री अधिकारीले प्रहरी प्रधान कार्यालयस्थित डिजिटल फरेन्सिक ल्याब, पोलिग्राफ विभाग र डाटा सेन्टरको निरीक्षण गर्नाका साथै त्यससम्बन्धी गतिविधिबारे जानकारी लिएका थिए । निरीक्षणपश्चात गृहमन्त्री अधिकारीले भर्चुअलमार्फत सातै प्रदेशका प्रहरी प्रमुखलाई समेत सुरक्षा व्यवस्था चुस्त पार्न निर्देशन दिएका थिए । प्रहरी महानिरीक्षक शैलेश थापा क्षेत्रीले गृहमन्त्रीबाट प्राप्त निर्देशन कार्यान्वयनमा प्रहरी प्रतिबद्ध रहेको बताए । उनले आगामी दिनमा नेपाल प्रहरी थप व्यावसायिक र ऊर्जावान हुने विश्वास दिलाए । प्रहरी महानिरीक्षक थापाले अपराध रोकथाम तथा अनुसन्धान र शान्ति सुरक्षा कायम गर्ने प्रहरीको मुलभूत दायित्व रहेको सन्दर्भ जोड्दै कोभिडको उपचार, निषेधाज्ञा कार्यान्वयन, कालोबजारी नियन्त्रण, विपद् व्यवस्थापन तथा मध्यावधि निर्वाचनको तयारीमा नेपाल प्रहरी कटिबद्ध रहेको बताए ।

नेपाल प्रहरीको कार्य योजना २०७७, कार्यसम्पादन सम्झौता, मातहत दर्जाको उत्प्रेरणा र मनोबल विषयमा शोध र प्राप्त सुझावको कार्यान्वयन, प्रहरी कर्मचारीको आचारसंहिताको कार्यान्वयनलगायतका विषयले सङ्गठनको पद्धतिजन्य विकास र सूत्रबद्ध परिचालनमा महत्वपूर्ण भूमिका निर्वाह गरेको उनले जानकारी गर ए । उनले नेपाल प्रहरीलाई प्रविधिमैत्री बनाउन प्रविधिको प्रयोगलाई प्राथमिकतापूर्वक अवलम्बन गरी कार्यान्वयन गरिएको जानकारी दिए ।

निरीक्षण भ्रमणका क्रममा गृहमन्त्री अधिकारीसमक्ष प्रहरी नायब महानिरीक्षक मुकुन्दराज आचार्यले नेपाल प्रहरीको विकासक्रम, वर्तमान अवस्था, चुनौती, आवश्यकता र अपेक्षालगायतका विषयमा जानकारी गराएका थिए ।






गण्डकी प्रदेश प्रमुखको निवास अगाडि विपक्षी दलहरुले धर्ना : गण्डकी प्रदेशमा मुख्यमन्त्री नियुक्तिका लागि ३१ जना सदस्यको हस्ताक्षरसहित दावी पेश गरेका दलहरुले ढिला सुस्ती गरेको भन्दै गण्डकी प्रदेश प्रमुखको निवास अगाडि धर्ना दिएका थिए। तस्वीर : पोखरापत्र

# पहिराको जोखिममा बस्ती

**पोखरापत्र संवाददाता**
**स्याङ्जा, २९ जेठ**

गल्याङ नगरपालिका–३ लल्याङमा रहेको बस्ती पहिराका जोखिममा परेको छ।

भार्लेको ठूलो पहिराको नामले चिनिने सो पहिराका कारण वर्षायामको शुरुआत भएसँगै यस क्षेत्रमा वसोवास गर्दै आएका स्थानीय बासिन्दा त्रसित बनेका हुन्। करीब एक सय घरधुरी रहेको सो क्षेत्रमा पहिरो बस्ती नजिक पुगेपछि स्थानीय बासिन्दामा त्रास छाएको हो । पहिरो गएको डाँडाको माथि समथर भूभाग र उब्जाउपूर्ण जमीनका साथै आँधीखोलाको पानीले सिँचाइको समेत सुविधा भएकाले स्थानीय बासिन्दाले मौसमअनुसारको खेती लगाएर हराभरा बनाएका छन्। यहाँको जमीन धसिदै पहिरो बस्ती नजिकै आएकाले अहिले गाउँले समस्यामा परेका हुन् । स्थानीय युवा छविलाल भट्टराईले पहिरालाई बेलैमा नियन्त्रण गर्न नसके जोखिमपूर्ण अवस्था आउन सक्ने बताउनुभयो।

विभिन्न समयमा पहिरो रोकथाम र संरक्षणका लागि कार्यक्रमहरू सञ्चालन भएता पनि त्यसले सार्थकता पाउन नसकेको स्थानीय बासिन्दा बताउँछन् । बस्तीको दुवैतिरबाट खोलाले घेरेको र सो क्षेत्रको भूवनोट कमजोर रहेकाले बस्तीभन्दा धेरै तलबाट वरिपरिको पूरै जमीन धस्केको र ठाउँठाउँमा पहिरो निरन्तर गएकाले बस्ती थप जोखिममा परेको हो।

पहिराका कारण बस्तीको वरिपरि रहेका खेतहरूमा समेत ठूलाठूला धाँजा फाटेको स्थानीय नेत्रप्रसाद अर्यालले बताउनुभयो । सो क्षेत्रको जमीन अत्यन्त कमजोर माटाले बनेको र यस क्षेत्रमा चलायमान माटो रहेकाले वस्तीका साथै आँधीखोला जलविद्युत् गृहमा समेत असर पर्ने देखिन्छ।

# पश्चिम प्रवेश गर्दै मनसून, भारी वर्षाको सम्भावना

**रासस**
**काठमाडौं, २९ जेठ**

शुक्रबारदेखि नेपालको पूर्वी भूभाग प्रदेश नं १, प्रदेश नं २ र बाग्मती प्रदेशमा प्रवेश गरेको मनसुन शनिबारदेखि गण्डकी प्रदेश तथा लुम्बिनी प्रदेशको पूर्वी भू-भागसम्म प्रवेश गरेको छ।

जल तथा मौसम विज्ञान विभागअन्तर्गतको मौसम पूर्वानुमान महाशाखाले अबको एक दुई दिनमा मनसून पश्चिम नेपालसम्म नै प्रवेश गर्ने जनाएको छ । आगामी साता मनसून सक्रिय भई देशका धेरै स्थानहरूमा हल्कादेखि मध्यम वर्षा र थोरै स्थानमा भारी वर्षाको सम्भावना रहेको हुनाले महाशाखाले आवश्यक सतर्कता अपनाउन अनुरोध गरेको छ । नेपालमा सामान्यतया मनसून जुन १३ मा भित्रिने र अक्टोबर २ मा बाहिरिने गरेको छ । दक्षिण एसियाली जलवायु दृष्टिकोण मञ्चले आगामी मनसून आवधिमा नेपालका धेरैजसो भूभागमा सरदरभन्दा बढी वर्षा हुने आंकलन गरेको छ। हाल देशको पूर्वी र मध्य भूभागमा उत्तर पश्चिम बङ्गालको खाडी र आसपास बनेको न्यून चापीय क्षेत्रको प्रभाव तथा पश्चिमी भूभागमा पश्चिमी वायु र स्थानीय वायुको मिश्रित प्रभाव रहेको छ। यसको कारण हाल देशभर आंशिकदेखि सामान्य बदली भई केही स्थानमा वर्षासमेत भईरहेको अवस्था महाशाखाले छ। त्यस्तै प्रदेश नं १, गण्डकी र लुम्बिनी प्रदेशका थोरै स्थानमा भारी वर्षाको पनि सम्भावना रहेको महाशाखाले जनाएको छ।

# संस्कृत युवा मञ्चद्वारा १०८ युनिट रगत संकलन

**पोखरापत्र संवाददाता**
**पोखरा, २९ जेठ**

संस्कृत यूवा मञ्च नेपाल पोखराको आयोजनामा घुम्ति आकस्मिक रक्तदान तथा सम्मान कार्यक्रम सम्पन्न गरेको छ।

कोरोना महामारीका कारण पोखरामा रगत अभाव भएको भन्दै मञ्चले पोखराका विभिन्न स्थानमा गरेर १०८ प्वाइन्ट रगत संकलन गरेको छ । पोखराको काहु, फूलबारी, सिमलचौरमा स्थास्थ्य सचेतनाको पूर्ण पालना गर्दै रक्तदान कार्यक्रम गरिएको मञ्चका अध्यक्ष हरिशरण पौडेलले बताए।

सो अवसरमा रक्तदान अभियानमा सक्रियता सहित ६८ औं पटक रक्तदान गर्ने रेडियो सराङ्गकोटका कार्यकारी निर्देशक कृष्ण थापा, क्षत्री युवा समाजका पूर्व अध्यक्ष युवा व्यवसायी सुवास ढुङ्गाना लाई सम्मान गरिएको थियो। हरेक वर्ष वार्षिक



रुपमा रक्तदान गरिएता पनि गएको वर्षदेखि विभिन्न क्षेत्रमा आकस्मिक रुपमा रक्तदान सहित धर्म संस्कृति, संरक्षण अभियानमा मञ्च सक्रिय रहदै आएको सचिव विश्वराज सापकोटाले बताए।

कार्यक्रमको शुभारम्भ गर्दै पोखरा महानगरपालिका १३ अध्यक्ष दर्शन लामाले युवा वर्गले सामाजिक रचनात्मक क्रियाकलापमा लाग्न मञ्चले भूमिका खेलेको बताए। मञ्चका अध्यक्ष हरिशरण पौडेलको सभापतित्वमा भएको कार्यक्रममा रेडियो सराङ्गकोटका कार्यकारी निर्देशक कृष्ण थापा, क्षत्री युवा समाजका पूर्व अध्यक्ष सुवास ढुङ्गाना, रक्तसञ्चार केन्द्रका प्रमुख अर्जुन ज्ञवाली, सल्लाहकार दिपक सापकोटा, गिरिधर आचार्य, उपाध्यक्ष रामकृष्ण अर्याल, कार्यक्रम संयोजक गिरिराज पौडेल, हरिप्रसाद पौडेल, दिपेश पराजुली, सचिव विश्वराज सापकोटा लगायतले आ-आफ्नो धारणा राखेका थिए।

# गुरुङले दिए बधाई

**पोखरापत्र संवाददाता**
**पोखारा, २९ जेठ**

गण्डकी प्रदेशका नवनियुक्त मुख्यमन्त्री कृष्णचन्द्र नेपालीलाई निवर्तमान मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङले बधाई तथा कार्यकाल सफलताको शुभकामना व्यक्त गरेका छन्।

प्रदेश प्रमुख सीता कुमारी पौडेलले संविधानको धारा १६८ को उपधारा ९५० बमोजिम शनिबार नेपाली काँग्रेस प्रदेश संसदीय दलका नेता नेपालीलाई मुख्यमन्त्रीमा नियुक्त गरेलगत्तै गुरुङले टेलिफोन गरी बधाई ज्ञापन गरेको उनका प्रेस संयोजक विक्रम न्यौपानेले जानकारी दिए।

# कोरोना...

पर्सा, महोत्तरी, बारा, सप्तरी, सिरहा र सर्लाही रहेका छन् । वाग्मती प्रदेशको काठमाडौं, भक्तपुर, ललितपुर, चितवन, काभ्रेपलान्चोक, मकावानपुर, धादिङ, न्धिुपाल्चोक, सिन्धुली, नुवाकोट, दोलखा र रामेछापमा ५०० बढी संक्रमित रहेको मन्त्रालयको भनाइ छ।

गण्डकी प्रदेशका कास्की, गोरखा, नवलपरासी (पूर्व), तनहुँ र लमजुङ छन् । लुम्बिनी प्रदेशका दाङ, बाँके, रूपन्देही, पाल्पा, बर्दिया, कपिलवस्तु, गुल्मी, नवलपरासी (पश्चिम) र रोल्पा , कर्णाली प्रदेशको सुर्खेत र दैलेख तथा सुदूरपश्चिम प्रूदेशको डेडेल्धुरा,कैलाली, कञ्चनपुर, बैतडी, अछाम र डोटीमा ५०० बढी संक्रमित रहेको मन्त्रालयको भनाइ छ।





# अपाङ्गता एवं विपन्न सात परिवारलाई सहयोग

**पोखरापत्र संवाददाता**
**पोखरा, २९ जेठ**

लायन्स क्लव अफ पोखरा राइजिङ स्टारको चौथो स्थापना दिवसका अवसरमा पोखराका विभिन्न स्थानका अपाङ्गता एवं विपन्न सात परिवारलाई राहत वितरण गरिएको छ।

कोभिड-१९ को संक्रमण फैलिन नदिन सरकारले जारी गरेको निषेधाज्ञाका कारण रोजगारी गुमेकाको चुल्हो निभ्न बाल्न आज रु एक लाख बराबरको राहत वितरण भएको हो । सो अवसरमा पोखरा-१७, रातोपैह्राका १८ वर्षीय अपाङ्ता भएका पूर्ण थापामगरलाई विस्तार ासहित लत्ता कपडा र सरसफाइका सामग्री, पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान पश्चिमाञ्चल क्षेत्रीय अस्पतालका कोरोना संक्रमित भई उपचारत २१ दिने शिशुको परिवारलाई रु.२० हजार आर्थिक सहयोग गरेको क्लवका प्रचार प्रसार संयोजक राजु सुनारले जानकारी दिनुभयो।

यसैगरी रातोपैह्राका १६ वर्षीय अपाङग सुजन नेपाली, पोखरा १० का कालु गुरुङ, सुमित्रा तापाङ, लामाचौर, चिप्लेढुङ्गा र न्युरोडका अपाङ्गता भएका एवं विपन्न परिवारलाई खाद्य सामग्री वितरण गरेको उहाँले बताउनुभयो। कार्यक्रममा क्लवका अध्यक्ष चोकबहादुर गुरुङ र प्रथम उपाध्यक्ष टंक ढकालले सेवामा समर्पित लायन्सले असहाय एवं विपन्न परिवारलाई आवश्यकतानुसार सक्दो सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो।

फाउण्डेसनद्धारा साढे चार लाखको राहत

बहिनी एडुकेयर फाउन्डेसनले पोखरा-१७ रातोपैह्राका अपाङ्गता भएका १८ वर्षीय पूर्ण थापामगरलाई दश हजार मूल्य बराबरको विभिन्न सामग्री उपलब्ध गराएको छ। सेतीनदीको तिरको जस्ताको छाना भएको एउटा कोठामा बस्न बाध्य रोग भन्दा पनि भोकसँग लड्दै आएको अपाङ्गता भएका थापामगरसहित सात जनाको परिवारलाई सहयोग गरिएको संस्थाका अध्यक्ष तथा कार्यकारी प्रमुख सुरेन्द्र परियारले जानकारी दिनुभयो।

उहाँका अनुसार पोखरा महानगरपालिका-१३ का गरिव, विपन्न तथा असहाय ७० घरपरिवारका २७५ जनालाई एक लाख ७५ हजार र पोखरा २३ का १०० घरपरिवारलाई दुई लाख ५० हजार मूल्य बरावरको खाद्यान्न सामग्री वितरण भएको हो।

पोखराको मालेपाटनमा कार्यालय रहेको बहिनी संस्थाले एकल महिला तथा आश्रित परिवारलाई शिक्षा, स्वास्थ्य, परामर्श, जिविकोपार्जनलगायतमा सहयोग गर्दै आएको छ।

**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



**सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरुषमा देखिने:**
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरुमा देखिने:**
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्धार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) नि:सन्तानपनको सफल उपचार

**जाँच्ने समय:** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सूक्तिसुधा**

आशा गरिबको सबै भन्दा ठूलो सम्पत्ति हो ।
– एल्फेड डे

## सम्पादकीय

# कम्युनिस्ट झगडाले कांग्रेसलाई सत्ता

नेपाल कम्युनिस्ट पार्टी (नेकपा) विभाजनको फाइदा नेपाली काङ्ग्रेसले लिएको छ।गण्डकी प्रदेश सभामा दुई तिहाइ बहुमत भएको कम्युनिस्ट पार्टीलाई लडाएर काङ्ग्रेसले सरकारकै नेतृत्व पाएको छ । नेकपा एमाले र माओवादी केन्द्र बीचको झगडाले काङ्ग्रेसलाई प्रदेश सरकारको नेतृत्व गर्ने अवसर दिलाएको छ। सात वटा प्रदेश मध्ये गण्डकीबाट नेतृत्वको खाता खुलेको छ। एमालेको आन्तरिक झगडाले एकल बहुमत रहेको कर्णालीबाट शुरु भएको विनासको यात्रा लुम्बिनी ,सुदूरपश्चिम हुँदै गण्डकी आइपुगेको छ।संघीयताको अभ्यास गर्ने गण्डकीका मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङ विस्थापित भएका छन । गुरुङले प्रदेश सभामा विश्वासको मत पाउन नसकेपछि काङ्ग्रेस संसदीय दलका नेता कृष्णचन्द्र पोखेलले गठबन्धनको सरकार चलाउने मौका पाएका छन । गण्डकी प्रदेशको मुख्यमन्त्रीमा नेपाली काँग्रेसका कृष्णचन्द्र नेपाली पोखरेल सहित पाँच जना मन्त्रीले सपथ ग्रहण गरेका छन।

प्रदेश प्रमुख सीताकुमारी पौडेलले मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेल सहित काँग्रेसबाट कुमार खड्का, माओवादीबाट मधुमाया अधिकारी गुरुङ, जनता समाजवादीका हरिशरण आचार्य र स्वतन्त्र सांसद राजीव गुरुङलाई सपथ गराएकी छन । प्रदेशमा ११ वटा मन्त्रालय छन् । नेपालीले सबै मन्त्रालय आफैले राखेर चार मन्त्रीलाई बीना विभागीय मन्त्रीको रुपमा नियुक्त गरिएको छ। बिहीबार मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङले गण्डकी प्रदेशसभामा विश्वासको मत प्राप्त गर्न नसकेपछि प्रदेश प्रमुख पौडेलले शनिबार दिउँसो तीन बजेसम्मका लागि बहुमत प्राप्त गर्ने आधार सहित मुख्यमन्त्रीमा दावी गर्न आव्हान गरेकि थिइन विपक्षी गठबन्धनका तर्फबाट पोखरेलको मात्र दावी प्राप्त भएको थियो। नेपाली काँग्रेस, नेकपा माओवादी केन्द्र, राष्ट्रिय जनमोर्चा, जनता समाजवादी पार्टी र एक स्वतन्त्र गरी ३१ प्रदेशसभा सदस्यको हस्ताक्षर सहित पोखरेलले मुख्यमन्त्रीमा दावी प्रस्तुत गरेका थिए।

प्रदेश प्रमुखबाट आव्हान भए लगत्तै शुक्रबारनै प्रदेश प्रमुखको कार्यालयमा पुगी दावी पेश गरिएकोमा शनिबार प्रदेश प्रमुख कार्यालयले विज्ञप्ति जारी गरी मुख्यमन्त्रीमा नियुक्त गरेको जनाएको थियो । यस अगाडि १६८ (२) अनुसार सरकार गठनका लागि आव्हान हुँदा पोखरेल नेतृत्वमा सरकार गठनको तयारी गरिएपनि बहुमत नपुगेका कारण सफल भएको थिएन । दुई महिना अघिदेखि एमालेलाई सरकारबाट विस्थापित गर्ने योजना सफल भएको छ। एमाले एक्लै बहुमत रहेको वाग्मती र प्रदेश १ सरकार हालसम्म सुरक्षित रहेका छन । लुम्बिनी प्रदेशमा बहुमत पुग्न नदिन अनेकौं प्रयोग भएका छन।

जसपाको महन्त ठाकुर पक्षको समर्थन कायम रहदा सम्म अडिन सक्लाानेपाली उखान सौताको रिसले पोईको काखमा पिसाब गर्ने जस्तै एमालेको आन्तरिक र माओवादीसंगको बेमेलले गर्दा कम्युनिस्ट सरकार ढलेका छन । प्रधानमन्त्री केपी शर्मा ओली र पुर्व प्रधानमन्त्रीहरु पुष्प कमल दाहाल प्रचण्ड, झलनाथ खनाल, माधवकुमार नेपाल, डा. बाबुराम भट्टराई र शेरबहादुर देउवाको सत्तास्वार्थको सिकार पृथ्वीसुब्बा गुरुङ ,शंकर पोखेल, यमलाल कँडेल परेका छनासंघीयता नै कमजोर बनेको छ। गुण्डा नाईके दिपक मनाडे(राजीव) गुरुङ सरकार ढाल्ने र मन्त्री पाईरहने अवस्था बनेको छासबैले मन्त्री बनाएर गुण्डालाई प्रश्रय दिएका छन।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सम्मान मिल्नेछ | तुला | : व्यापारमा लाभ |
| वृष | : मन चञ्चल | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : शत्रुको भय | धनु | : शारिरीक झमेला |
| कर्कट | : मानसिक तनाब | मकर | : अप्रत्यसित लाभ |
| सिंह | : आर्थिक समस्या | कुम्भ | : झमेला बढ्ने |
| कन्या | : कार्यमा सफलता | मीन | : सहयोग मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# ट्र्याक्टरले ठक्कर दिंदा शिक्षिकाको मृत्यु

पोखरापत्र संवाददाता
बागलुङ, २९ जेठ

बागलुङ नगरपालिका-६ लहरेपिपलमा ट्र्याक्टरले ठक्कर दिँदा एक जनाको मृत्यु भएको छ।

ठक्करबाट बागलुङ नगरपालिका-४ पाखाथर निवासी ५२ वर्षीया कमलाकुमारी शर्माको मृत्यु भएको वडासचिव रुद्र केसीले जानकारी दिनुभयो । ग१त ६३०३ नंको ट्र्याक्टर सिकाउने क्रममा शिक्षिका शर्मालाई ठक्कर दिँदा उहाँको घटनास्थलमै मृत्यु भएको वडासचिव केसीको भनाइ छ।

मृतक शर्मा सोही गाउँको काफलठुटा आधारभूत विद्यालयकी शिक्षिका हुनुहुन्थ्यो। प्रहरीले ट्र्याक्टर चालक सुरेश नेपाली र सहचालक भुवन नेपालीलाई नियन्त्रणमा लिएको छ।

# रुखबाट खसेर १० वर्षीय बालकको मृत्यु

पोखरापत्र संवाददाता
गोरखा, २९ जेठ

धार्चे गाउँपालिका-२ रुन्वेतका एक बालकको रुखबाट खसेर मृत्यु भएको छ।

घर नजिकै रहेको रुखमा चराको गुँड हेर्न भनी चढेका १० वर्षीय साजन घलेको रुखबाट लडेर मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक प्रकाश दाहालले जानकारी दिनुभयो । रुखबाट खसेर गम्भीर घाइते भएका घलेको गोरखा अस्पतालमा उपचारका क्रममा गए राति मृत्यु भएको उहाँले बताउनुभयो । घटनालगत्तै उद्धार गरी स्थानीय गाउँघर क्लिनिकमा उपचारपछि घाइते बालकलाई उपचारका लागि अस्पताल ल्याइएको थियो । बालकको रुखबाट खसेर करिब १५ फिटमुनि भिरमा पुगेको अवस्थामा उद्धार गरिएको स्थानीयवासीको भनाई उद्धृत गर्दै प्रहरीले जनाएको छ।

# कालीगण्डकी करिडोर चार दिनपछि पुनः सञ्चालन

पोखरापत्र संवाददाता
पर्वत, २९ जेठ

पहिरोले अवरुद्ध बनेको उत्तर-दक्षिण जोड्ने सबैभन्दा छोटो कालीगण्डकी करिडोर पुनः सञ्चालनमा आएको छ।

पर्वतको बिहादी गाउँपालिका-२, खबराको भीरमा पहिरो खस्दा गत चार दिनदेखि अवरुद्ध सडक शनिबारदेखि पूर्णरुपमा सुचारु भएको हो । भीरमाथीबाट ढुंगामाटोसहितको ठुलो पहिरो आउँदा सडक अवरुद्ध भएको थियो । डोजर लगाएर शुक्रबार दिनभरीमा पहिरो पन्छाएपछि अवरुद्ध सडक नियमित बिहादी गाउँपालिकाका अध्यक्ष कमलप्रसाद भुसालले जानकारी दिनुभयो । पहिरो झर्ने क्रम भने नरोकिएकाले जोखिम कायमै रहेको भुसालले बताउनुभयो।

# संकटमा रगतको अभाव टार्ने प्रयास

पोखरापत्र संवाददाता
दमौली, २९ जेठ

कोरोना कहर र निषेधाज्ञाका कारण रक्तदानका कार्यक्रम ठप्प छन् । यसअघि नियमितरूपमा रक्तदान हुँदै आए पनि कोरोना कहरले रक्तदानका कार्यक्रम रोकिएका छन्।

नियमित रक्तदानले दमौली अस्पतालमा डायलासिसलगायतका बिरामीले सहजरूपमा रगत पाइरहेका थिए। गत वैशाख २२ गतेदेखि निषेधाज्ञा लागू भएपछि यहाँ रगतको अभाव छ । बिरामीले सहजरूपमा रगत पाउन सकेका छैनन्।

रगतको अभाव टार्ने प्रयासस्वरूप लायन्स क्लब अफ तनहुँ र लियो क्लब अफ तनहुँले आज यहाँ रक्तदान कार्यक्रम आयोजना गरेको छ । रक्तदानमा ३० जनाले रगतदान गरेको लियो क्लब अफ तनहुँका २०२१-२२ का अध्यक्ष सुनिल मिश्रले जानकारी दिनुभयो । "निषेधाज्ञाका कारण रगतको अभाव छ, रगतको अभावमा कसैले पनि ज्यान गुमाउन नपरोस् भन्नका लागि रक्तदानको आयोजना गर्‍यौं", उहाँले भन्नुभयो। व्यास नगरपालिकाका प्रमुख बैकुण्ठ न्यौपानेले सङ्कटको घडीमा रगतको अभाव टार्ने प्रयास गेरर क्लबले उदाहरणी कार्य गरेको बताउनुभयो। "सामाजिक सङ्घसंस्थाले समाज सेवाको काम गर्नुपर्छ, आज रगतको अभाव भएका बेला दुई संस्थाले गरेको कार्यक्रमले समाजमा राम्रो सन्देश प्रवाह गर्छ", न्यौपानेले भन्नुभयो।

जिल्ला अस्पताल रक्तसञ्चार केन्द्रको प्राविधिक सहयोगमा भएको रक्तदानमा लायन्स क्लब अफ नेपाल ३२५ बी-१ का पूर्वगभर्नर अशोककुमार श्रेष्ठ, दमौली अस्पताल व्यवस्थापन समितिका अध्यक्ष प्रदीपराज अधिकारीले रगतदान पुण्यदान भएको चर्चा गर्नुभयो । रगत अभावमा दमौली अस्पतालमा रहेको मिर्गौला उपचार केन्द्रका मिर्गौलापीडितलाई डायलासिसका लागि समस्या हुँदै आएको छ । नियमितरूपमा डायलासिस गराउँदै आएका मिर्गौलापीडित रगत खोज्न आफैं हिँड्नुपर्ने अवस्था आएको छ । मिर्गौला केन्द्रका इन्चार्ज शैलेन्द्र पण्डितले निषेधाज्ञाका कारण रक्तदान नहुँदा उपचार केन्द्रमा रगत अभाव भएको जानकारी दिनुभयो । कतिपय मिर्गौलापीडितले पोखरासम्म पुगेर रगत ल्याउने गरेका छन् भने कतिपयले आफन्त वा चिनेजानेका व्यक्तिलाई रक्तदानका लागि ल्याउने गरेका छन् । "दमौलीमै भएका आफन्त वा साथीभाइ आएर पनि रक्तदान गरिदिनुहुन्छ, कोही नपाएको खण्डमा भने पोखरा पुगेरै रगत ल्याउनुपर्ने बाध्यता छ", उहाँले भन्नुभयो। केन्द्रमा हाल दैनिक ६३ जनाले डायलासिस गराइरहेका छन् । विसं २०७२ मङ्सिर ३ गते देशभरका जिल्ला अस्पतालमध्ये दमौली अस्पतालमा पहिलोपटक डायलासिस केन्द्र स्थापना भएको थियो । केन्द्रले हालसम्म करिब २५ हजारभन्दा बढी पटक डायलासिस सेवा प्रदान गरेको छ। केन्द्रमा नौवटा डायलासिस गराउने उपकरण छन् ।

# साक्षरता कक्षा सञ्चालित विद्यालयमा 'फोन पाठशाला'

पोखरापत्र संवाददाता
दमौली, २९ जेठ

रुम टु रिडको साक्षरता कार्यक्रम सञ्चालन भएका तनहुँका विद्यालयमा फोन पाठशाला शुरु हुने भएको छ । रुम टु रिडको साक्षरता कार्यक्रम सञ्चालन भएका विद्यालयका नेपाली भाषा शिक्षकहरुले अब मोबाइलबाट विद्यार्थीलाई पढाउने भएका छन्।

विद्यार्थी सिकाइ सहजीकरणका विभिन्न वैकल्पिक तरिकाहरुको अभ्यास गरिरहेको रुम टु रिडले फोन पाठशालाको अवधारणा अगाडि बढाएको हो । कोरोना कहर र निषेधाज्ञाका कारण विद्यालय बन्द भएपछि फोन पाठशाला सञ्चालन गर्न लागिएको छ । यसका लागि साक्षरता कार्यक्रम सञ्चालन भएका जिल्लाका ३३ विद्यालयका ६१ जना नेपाली भाषा शिक्षण गर्ने शिक्षकलाई अभिमुखीकरण गरिएको छ।

फोन पाठशाला मार्फत् पुनः विद्यार्थीहरुसँग जोडिन पाउने भएपछि उत्साहित भएको भानु संस्कृत माध्यमिक विद्यालयका शिक्षक गीता आचार्यले बताउनुभयो । भृकुटी माध्यमिक विद्यालयका शिक्षक देवी सिग्देलले विद्यार्थीको सिकाइका लागि फोन पाठशाला प्रभावकारी हुने बताउनुभयो।

कोरोनाका कारण विद्यालय बन्द भई विद्यार्थीको सिकाइमा भएको क्षति कम गर्न फोन पाठशालाको अवधारणा अगाडि बढाएको रुम टु रिडका साक्षरता कार्यक्रम अधिकृत एलबी खड्काले जानकारी दिनुभयो । विद्यार्थी सिकाइ सहजीकरणका लागि रुम टु रिडले रेडियो स्कूल, अनलाइन पुस्तकालय र फोन मार्फत् अभिभावक शिक्षा समेत सञ्चालन गरिरहेको छ।

विद्यालयका कक्षाकोठामा रमाउनुपर्ने बालबालिकाहरु कोरोना कहरले घरमै बस्न बाध्य हुँदा पठनपाठनमा क्षति पुगेको छ। घरमा बसिरहेका विद्यार्थीको सिकाईमा सहजीकरणका लागि फोन पाठशाला सञ्चालन हुने संस्थाले जनाएको छ । संस्थाले सबै पालिकाका शिक्षा शाखा प्रमुखहरुसँग यसबारेमा अनलाइन बैठक समेत गरेको छ।

सबै पालिकाले यसका लागि अनुमति दिएका छन् । फोन पाठशालामा विद्यार्थीहरुको सिकाई कठिनाइका आधारमा हरेक विद्यार्थीलाई के सिकाउने भनी कार्ययोजना तयार गर्ने र सोही कार्ययोजना अनुसार विद्यार्थीलाई महिनामा कम्तिमा तीन पटक फोन गरी फोनबाट सिकाइने रुम टु रिडका साक्षरता कार्यक्रम अधिकृत खड्काले बताउनुभयो।

# दहपानीका महिला व्यावसायिक कृषि पेशामा

पोखरापत्र संवाददाता
बागलुङ, २९ जेठ

दश वर्ष पहिला तालीम पाएका बागलुङको दहपानीका महिलाले घरघरमा व्यावसायिक कृषि पेशा थालेका छन्।

तालीम ताका एक/दुई जना मात्रै व्यवसायमा लागेका थिए । पछिल्लो समयमा भने धेरै महिला व्यावसायिक बन्दै गएका हुन् । उनीहरूले मौसमी र बेमौसमी तरकारी खेती, घरघरमा सिलाइबुनाइ र बुटिकजस्ता काम पनि गरेका छन्।

काठेखोला गाउँपालिका-५ मा पर्ने दहपानीका सबै महिला सङ्गठित छन् । केहीले धागोबाट झोला बुन्ने काम पनि गरिरहेका छन्। दहपानी आत्मनिर्भर समूहमा आबद्ध भएका महिलामध्ये अहिले ११ जना घरमै उद्यमी भएका छन् भने अन्य २० जनाले तरकारी उत्पादन गरिरहेको अध्यक्ष ज्ञानकुमारी श्रीषले बताउनुभयो । यहाँका महिलाले बुनेका सामग्री बागलुङ बजारस्थित कोसेली घरमा पठाएर बिक्री कक्षको रूपमा समेत सञ्चालित छ । घोडाबाँधेस्थित नेपाली सेनाको व्यारेक भएकाले कृषि फसल सबैभन्दा धेरै बिक्री हुने गरेको हो । यहाँ झण्डै ७०० सैनिक कार्यरत छन् । उनीहरूले दैनिक खाने अन्न र तरकारी स्थानीय रुपमै खरीद गरिरहेका छन् । मध्यपहाडी लोकमार्गको छेउछाउमा रहेका दर्जन बढी होटल तथा रेष्टुरेन्टमा पनि उनीहरूको उत्पादन बिक्री भैरहेको छ । निशेधाज्ञाले सवारी साधन नचलेकाले एक महिनादेखि भने तरकारी बिक्री घटेको स्थानीय ओमदेवी पुनले बताउनुभयो । तरपनि सडक निर्माण भैरहेकाले मजदुर तथा ठेकेदारका मानिसले पनि नियमित तरकारी खरीद गर्दा व्यवसायमा सहजीकरण भएको उहाँको भनाइ छ।

यहाँका किसानले ब्रोइलर र स्थानीय कुखुरा पनि पालेका छन् । ब्यारेकमा नियमित कुखुरा बिक्री हुने भएपछि कतिपयले व्यावसायिक उत्पादनमा जोड दिएको बताउनुभयो। "काम गरेमा बिक्री नहुने भन्ने छैन" स्थानीय सीता कँडेलले भन्नुभयो, "मेहेनत अनुसारको फल पाउन सदरमुकाम धाउनु परेको छैन ।" उहाँसहित धनकुमारी परियार समेत बुटिकको प्रशिक्षक बनेर विभिन्न स्थानमा तालीम दिन जानुभएको छ।

बिहुँका पुरुषभन्दा महिला बढी सक्रिय रहेको श्रीष बताउनुहुन्छ । "कतिपय पुरुषहरू रोजगारीका लागि विदेशमा छन्, कतिपय बजारमा बस्छन्, तर घरमा बसेका महिलाहरू मिहेनती बनेर आत्मनिर्भर भएका हुन्", उहाँले भन्नुभयो, "मिहेनत गर्नेलाई गाउँपालिकाले अनुदान र सीप हस्तान्तरण गरिदिएमा उत्पादन अझै बढ्ने थियो ।" वडा तहबाट सम्बोधन भएपनि गाउँपालिकाबाट चासो नभएको उहाँले बताउनुभयो । यहाँ धान उत्पादन हुँदैन । समुन्द्र सतहबाट झण्डै दुई हजार मिटरको उचाइमा रहेकाले यहाँ मकै, कोदो, फापर जस्ता अन्नबाली हुने गर्दछ । प्लास्टिककोटनेलमालगाएमाभने काउली, बन्दासहितका बेमौषमी तरकारी मनग्ये फलाउन सकिने उहाँले बताउनुभयो।

# कोभिड-१९ को असर : केबुलकारको काम प्रभावित बन्दै

पोखरापत्र संवाददाता
दमौली, २९ जेठ

बन्दीपुरमा निर्माणाधीन केबुलकारको निर्माण कार्य प्रभावित भएको छ । कोरोनाको दोस्रो भेरियन्टसहितको कोरोनाका कारण विदेशबाट सामान ल्याउन र इन्जिनीयर आउन नसक्दा निर्माण कार्य प्रभावित भएको हो।

आगामी दशैंभित्रमा सर्वसाधारणलाई केबुलकार चढाउने योजनासहित निर्माण कार्य थालिएपनि उक्त अवधिमा सञ्चालनमा ल्याउन कठिनाइ देखिएको छ । भारतबाट अधिकांश सामान आइसकेपनि अष्ट्रियाबाट इन्जिनीयर, रोपवे र इन्जिनहरू ल्याउन नसकिएकाले निर्माण कार्यमा ढिलाइ हुने देखिएको बन्दीपुर केबुलकार एण्ड टुरिज्म लिमिटेडका अध्यक्ष रामचन्द्र शर्माले जानकारी दिनुभयो । दैनिक करीब तीन सय जना कामदारले काम गर्दै आएपनि बन्दाबन्दीका कारण अहिले सय जनाले काम गरेको उहाँले बताउनुभयो।

कामले गति लिइरहेको बेला गतवर्ष कोभिड महामारीका कारण केही समय काम प्रभावित भएकामा यसवर्षको कोरोनाले पनि असर परेको अध्यक्ष शर्माले बताउनुभयो । परियोजनाको निर्माणको करीब ९५ प्रतिशत काम सम्पन्न भैसकेको छ भने टावर निर्माण गर्ने मेकानिकल इन्जिनीयर नहुँदा काम प्रभावित बनेको छ । परियोजनाको काम सम्पन्न गर्न कम्तिमा छ महिना लाग्न सक्ने अनुमान गरिएकाले दशैमा सञ्चालनार्थ कठिनाइ देखिएको कार्यकारी सञ्चालक कृष्णराज अधिकारीलेबताउनुभयो।बन्दीपुर गाउँपालिका-४ को ठूलढुङ्गामा तल्लो स्टेशनको लागि तीन/चार महिना लाग्ने भएपनि र सोही वडाको बगालथोकमा माथिल्लो स्टेशनको निर्माण कार्य बल्ल शुरु गरिएको उहाँले जानकारी दिनुभयो । परियोजनामा आरकेडी रियल स्टेट एण्ड कन्स्ट्रक्सन लिमिटेड र टुरिजम इन्भेष्टमेन्ट फण्ड लिमिटेडको ६१ प्रतिशत, पञ्चासे केबुलकार एण्ड टुर्स लिमिटेडको २५ प्रतिशत, बन्दीपुर गाउँपालिकालगायत स्थानीयबासीको लगानी १४ प्रतिशत रहेको छ । करीब ७०० स्थानीयलाई शेयर प्रदान गरिएको छ। उनीहरूको करीब रु.१५/१६ करोड लगानी रहेको अध्यक्ष शर्माले जानकारी दिनुभयो।

बन्दीपुरमा पाँचतारे होटल

बन्दीपुर केबुलकार एण्ड टुरिज्म लिमिटेडले बन्दीपुरमा पाँचतारे होटलको निर्माण कार्य अघि बढाएको छ । पहिलो चरणमा केबुलकार र दोस्रो चरणमा क्विन टावर सञ्चालन गर्ने योजना रहेको सो परियोजनाले जनाएको छ।

पन्ध्र तले होटलको हालसम्म ६० प्रतिशत कार्य भएको बताइएको छ । निर्माण सम्पन्न गर्न अझै दुई वर्ष लाग्न सक्ने अनुमान गरिएको छ।

रु.एक अर्ब ७८ करोडको लागतमा होटल र केबुलकार निर्माण गर्न लागेको हो। अध्यक्ष शर्माले भन्नुभयो, "होटलमा गण्डकी प्रदेशकै ठूलो एक हजार जना क्षमताको सभाहल र ७२ कोठा हुनेछन् भने केबुलकार सिधै पाँचतारे होटेलमा प्रवेश गराइने छ।" होटलमा सिसमहल, वाक्स म्युजियम, भूत बङ्गला, रेस्टो जोन, पौडी पोखरी पनि रहनेछ।

# खोज पत्रकारिता छुट्टै विधाको रूपमा स्थापित भएको छ : गाउँले

पोखरापत्र संवाददाता
दमौली, २९ जेठ

नेपाल पत्रकार महासङ्घका पूर्व अध्यक्ष शिव गाउँलेले पत्रकारिता र खोज पत्रकारिता एउटै नभई फरक विधाका रूपमा स्थापित भएको बताउनुभएको छ । नेपाल पत्रकार महासङ्घ तनहुँ शाखाले आज भर्चुअल माध्यमबाट आयोजना गरेको पत्रकारितामा खोजका मुद्दा विषयक तालिममा बोल्दै गाउँलेले सामान्य बेलामा गर्ने भन्दा खोज पत्रकारिता फरक पाटो रहेको उल्लेख गर्नुभयो ।

"भित्रसम्म गएर खोतल्ने र अनुसन्धान गर्ने विधा खोज पत्रकारिता हो, आजभोलि खोज पत्रकारितामा छुट्टै विधाको रूपमा चिनिन थालेको छ," गाउँलेले भन्नुभयो, "कसैले दिएको सूचना सार्वजनिक गर्नु खोज पत्रकारिता होइन, पत्रकारले आफैँले मिहेनत गरेर सार्वजनिक गरेको विषयवस्तु खोज पत्रकारिता हो ।"

खोज पत्रकारिता चुनौतीपूर्ण रहेको उल्लेख गर्दै गाउँलेले यसका लागि समय, स्रोत र ज्ञान आवश्यक पर्ने बताउनुभयो । "खोज पत्रकारिताले समय बढी माग गर्छ, साधन स्रोतको माग गर्छ," गाउँलेले भन्नुभयो, "राम्रो रिपोर्ट बनाउन समय र पैसा दुवै चाहिने भएकाले खोज पत्रकारिता सामान्य विधा हो भन्दा भन्दै पनि फरक विधाको रूपमा स्थापित भइसकेको छ ।"

गाउँलेले खोज पत्रकारिता गर्ने क्रममा पत्रकार एकदमै संवेदनशील हुनुपर्ने चर्चा गर्दै निजी मामिलामा प्रवेश गरी गाली बेइज्जती हुने खालका पत्रकारिता गर्न नपाइने बताउनुभयो । गाउँलेले खोज पत्रकारिता भनेको के हो, खोज पत्रकारिता गर्ने तरिका, माध्यम, खोज पत्रकारिताका सीमा र खोज पत्रकारिता विषयका बारेमा प्रकाश पार्नुभयो ।

शुक्रबारदेखि शुरु तालीमको पहिलो दिन 'सङ्घीयतामा स्थानीय तह र रिपोर्टिङका हाम्रा मुद्दा' विषयमा नेपाल पत्रकार महासङ्घका पूर्व अध्यक्ष धर्मेन्द्र झाले प्रस्तुतीकरण गर्नुभएको थियो । कोरोना कहर र निषेधाज्ञाका कारण क्रियाशील पत्रकारहरू घरमै बसेर पत्रकारिता गरिरहेको अवस्थामा भर्चुअल माध्यमबाट तालीम आयोजना गरिएको शाखाका अध्यक्ष उज्वल पौडेलले जानकारी दिनुभयो ।

# नेता पौडेलद्वारा ५० हजार मास्क वितरण

पोखरापत्र संवाददाता
दमौली, २९ जेठ

नेपाली काङ्ग्रेसका केन्द्रीय सदस्य प्रदीप पौडेलले कोरोना महामारीमा मास्क अभियान सञ्चालन गर्नुभएको छ ।

तनहुँ जिल्लाका ग्रामीण भेगसम्म मास्क वितरण गर्ने अभियान बमोजिम पौडेलले मास्क अभियान सञ्चालन गर्नुभएको हो ।

अभियान अन्तर्गत केन्द्रीय सदस्य पौडेलले शुक्रबार तनहुँका दश वटै पालिकाका तरुण समितिलाई ५० हजार थान मास्क वितरण गर्नुभएको छ । चार नगरपालिका र छ गाउँपालिकाका तरुण समितिलाई पाँच/पाँच हजारका दरले मास्क वितरण गरिएको छ । कोरोना नियन्त्रणका लागि मास्क प्रभावकारी रहेकाले हरेक व्यक्तिलाई मास्क पुऱ्याउने योजना रहेको पौडेलले बताउनुभयो । साथै पौडेलले तरुण दलमार्फत् नै ऋषिङ, भिमाद र बन्दीपुरका लागि अक्सिजन कन्सन्ट्रेटर वितरण गर्नुभएको छ ।



तरुण दल तनहुँ कार्यसमितिले आयोजना गरेको कार्यक्रममा पौडेलले स्वास्थ्य सामग्री वितरण गर्नुभएको छ । यसअघि पौडेलले पहिलो चरणमा तनहुँका अस्पताल र स्थानीय तहलाई अक्सिजन कन्सन्ट्रेटर सहितका विभिन्न स्वास्थ्य सामग्री सहयोग गरिसक्नुभएको छ । जिपी कोइराला राष्ट्रिय श्वासप्रश्वास उपचार केन्द्र बेलचौतारालाई चार, भानु नगरपालिका र शुक्लागण्डकी नगरपालिकालाई २/२ थान अक्सिजन कन्सन्ट्रेटरको साथमा स्वास्थ्य सामग्री हस्तान्तरण गरिएको छ ।

# बाढीले क्षति, बस्ती सहित कार्यालयका भवन जोखिममा

पोखरापत्र संवाददाता
म्याग्दी, २९ जेठ

म्याग्दीको सदरमुकाम बेनीको मङ्गलाघाट स्थित सरकारी कर्मचारी आवास क्षेत्रमा शनिबार बिहान बाढी पसेको छ ।

शुक्रबार साँझदेखि परेको बर्षापछि पाखोबाट आएको बाढी पसेर सात वटा आवास भवन, दुई वटा नर्सरीमा क्षति पुगेको छ । बेनी-अर्थुङ्गे सडकको भल नाली बाहिर बगेर बाढी आउन थालेपछि मंगलाघाट क्षेत्रमा रहेको आठ वटा कार्यालयका भवन र मुस्लिम समुदायको सुकुम्बासी बस्ती जोखिममा परेको छ ।

भु-तथा जलाधार संरक्षण, वन डिभिजन र कृषि ज्ञान केन्द्रका कर्मचारी बस्ने दुई/दुई वटा आवास भवन, भू-संरक्षण र वन डिभिजन कार्यालयको नर्सरी तथा सँगै रहेको नर्सरीको भण्डारण भवनमा बाढी पसेको छ । सहायक वन अधिकृत नबिन विश्वकर्माले सात वटा भवनको भुई तलामा बाढी पसेर हिलाम्मे भएको बताउनुभयो । "राति दुई बजे बाढी आएपछि भागाभाग भयो", उहाँले भन्नुभयो "तर्काउने प्रयास गर्दा गर्दै कोठा भित्रै पसेर हिलाम्मे बनायो ।" वन डिभिजनको बहुबर्षे र भू-तथा जलाधार संरक्षण कार्यालयको नर्सरीका बिरुवा बाढीले पुरेर नष्ट गरेको छ । रोप्नका लागी तयार भएका दुई वटा नर्सरीका एक लाख ५० हजार बिरुवा नष्ट भएका छन् । सो ठाउँमा गत वर्षको भदौमासमेत बाढी पसेको थियो ।

भू-तथा जलाधार संरक्षण कार्यालय म्याग्दी एकाइका प्रमुख शम्भुकुमार मिश्रले गत वर्षको बाढीले थुपारेको माटो व्यवस्थापन गरेको तीन दिन नबित्दै पुनः बाढी आएको बताउनुभयो । "बेनी-महारानी थान खण्डको सडक सुधारका लागि निकालिएको माटो पाखोबाट आएको बाढीले बगाउँदा नयाँ ठाउँबाट बाढी बनेर आवास क्षेत्रमा पसेको छ", उहाँले भन्नुभयो, "बाढीको पूर्ण निगयन्त्र नहुँदासम्म जोखिम हुने भएकाले आवास स्थानान्तरण गर्नुपर्ने देखिएको ।"

सोही ठाउँमा रहेको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको आवास भवन जोखिममा परेपनि क्षति पुगेको छैन् । कृषि ज्ञान केन्द्रको आवास भवन वरपर निर्माण भएको पर्खालले छेकेकाले तुलनात्मक रुपमा कम बाढी पसेको छ । निर्वाचन कार्यालय जाने सडक भत्किएको छ । सरकारी भवन भन्दा पछाडी करिब दश परिवार बसोबास गर्ने मुस्लिम समुदायको सुकुम्बासी बस्ती छ । पाखो र सडकबाट आउने सुरक्षित र व्यवस्थित निकास नगर्ने हो बाढीले क्षति पुऱ्याउने देखिएको कोष तथा लेखा नियन्त्रक युक्तप्रसाद शर्माले बताउनुभयो ।

# सात अर्ब २० करोड सहयोग गर्ने विश्व बैंकको घोषणा

रासस
काठमाडौं, २९ जेठ

विश्व बैंकले नेपालको उच्च शिक्षाको गुणस्तर सुधारका लागि रु सात अर्ब २० करोड सहयोग गर्ने घोषणा गरेको छ ।

बैंकको कार्यकारी निर्देशक बोर्डले उच्च शिक्षाको गुणस्तर सुधार, अनलाइन शिक्षाको स्तर वृद्धि तथा विपन्न एवं कमजोर विद्यार्थीका लागि शैक्षिक संस्थाहरूमा पहुँच विस्तार गर्न उक्त रकम उपलब्ध गराउने निर्णय गरेको हो ।


बैंकबाट प्राप्त हुने उक्त रकमबाट गुणस्तरीय उच्च शिक्षामा पहुँच सुधार र विद्यार्थीलाई श्रमबजारमा माग भएका सीपहरू प्राप्त गर्न सहयोग पुग्ने विश्वास माल्दिभ्स, नेपाल र श्रीलङ्काका लागि विश्व बैंकका देशीय निर्देशक फरिस हदद-जभीस व्यक्त गर्नुभएको छ ।

"मानव पूँजी विकास तथा सबल पुनःनिर्माणलाई प्राथमिकतामा राख्नु कोभिड-१९ को महामारीका बेला अपरिहार्य भएको छ", यहाँस्थित बैंकको देशीय कार्यालयले जारी गरेको विज्ञप्तिमा भनिएको छ ।

# मुख्यमन्त्री नेपालीको राजनीतिक यात्रा: कारागार, अध्ययनशीलता र निरन्तरता

–टेकराज पोखरेल
नवलपुर, २९ जेठ (रासस)

गण्डकी प्रदेशका नवनियुक्त मुख्यमन्त्री कृष्णचन्द्र नेपाली राजनीतिमा अत्यन्तै क्रियाशील हुनुहुन्छ । सङ्घीयता आएपछि मुलुकमा पहिलो पटक सम्पन्न प्रदेशसभाको निर्वाचनमा नवलपरासी (बर्दघाट-सुस्तापूर्व)को निर्वाचन क्षेत्र नम्बर १ (क)बाट नेपाली विजयी भएर गण्डकी प्रदेशसभा सदस्य हुनुभयो । उहाँले नेकपा(एमाले) रनेकपा(माओवादी केन्द्र)को गठबन्धनका उम्मेदवार सूर्यप्रसाद न्यौपानेलाई पराजित गर्दै प्रदेशसभामा आफ्नो स्थान सुरक्षित गराउनुभएको थियो । विसं २०७४ मा भएको निर्वाचनमा काग्रेसका नेपालीले १७ हजार ६८३ मत प्राप्त गरी गठबन्धनका उम्मेदवार न्यौपानेलाई ३८२ मतान्तरले पराजित गर्नुभएको थियो ।



उहाँका बुवा गोवर्द्धन शर्मा पोखरेल राणाशासनका विरोधमा सधैँ क्रियाशील हुनुहुन्थ्यो । काग्रेसमा लागेर शर्मा तत्कालीन समयमा केन्द्रीय सदस्यसमेत हुनुभएको थियो । एकहत्तर वर्षीय नेपालीको जन्म तनहुँमा भए पनि राजनीतिक थलो भने नवलपरासी भयो । विसं २०० मङ्सिर १३ गते तनहुँमा द्रौपदा शर्माका कोखबाट जन्मिनुभएका नेपालीका चार दाजुभाइमध्ये जेठा दाजु रामचन्द्र पोखरेल पूर्वसांसद र साँहिला भाइ डा जगदीशचन्द्र राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष हुनुहुन्थ्यो भने कान्छा भाइ अमेरिकामा बस्दै आउनुभएको छ ।

नेपालीको राजनीतिक थलो नवलपरासी भए पनि विद्यार्थी राजनीति भने तनहुँबाटै शुरु भएको थियो । प्रजातान्त्रिक समाजवादक हिमायती नेपालीलाई निष्ठा र त्यागको पर्यायका रूपमा लिने गरिएको छ । विद्यार्थीकालदेखि नै उहाँमा राजनीतिक चेत थियो । उहाँ विसं २०२८ मा काग्रेस तनहुँको जिल्ला सदस्यसमेत बन्नुभयो । प्रजातान्त्रिक आन्दोलनकै क्रममा विभिन्न समयमा गरी उहाँ ६ पटक कारागार पर्नुभएको छ । विसं २०३५ को विद्यार्थी आन्दोलनमा उहाँले कास्की कारागारमा दुई पटक गरेर पाँच महिना बिताउनुभएको छ । विसं २०३७ को जनमतसङ्ग्रहका क्रममा फेरि आठ महिना कास्की कारागारमै बस्न बाध्य हुनुभयो । विसं २०३८ मा निर्वाचनकै क्रममा प्रहरीबाट यातना खेप्नुभएका उहाँले अर्को दुई महिना कारागारमा बिताउनुभयो । देशमा बहुदलीय व्यवस्था माग्दै विसं २०४२ मा काग्रेसले सत्याग्रह घोषणा गऱ्यो । तत्कालीन नवलपरासीबाट सत्याग्रहमा सक्रिय नेपालीले परासी-कपिलवस्तु कारागारमा गएर एक वर्ष कारागार जीवन बिताउनुभयो । विसं २०४६ को जनआन्दोलनमा परासी कमाण्डर नेपाली नजरबन्दमा पनि पर्नुभयो । नजरबन्दपछि नेपालीलाई पाल्पाको कारागारमा नौ महिना राखियो । भारतको दरभङ्गाबाट मानविकी सङ्कायमा स्नातक उहाँले पछि नेपालकै त्रिभुवन विश्वविद्यालयबाट कानूनमा पनि स्नातक उत्तीर्ण उहाँले प्रारम्भिक शिक्षा तनहुँको धरमपानीको स्थानीय विद्यालयमै लिनुभएको थियो । त्यसपछि उहाँ माध्यमिक शिक्षाका लागि भारत पुग्नुभएको थियो । माध्यमिक शिक्षा विहारको नरकटियागञ्जबाट पूरा गर्नुभएका नेपाली दरभङ्गाबाट मानविकी सङ्कायमा स्नातक गरेपछि नेपाल फर्किनुभएको थियो ।

विसं २०४८ को काग्रेस अधिवेशनपछि उहाँ निरन्तर चार कार्यकाल काग्रेस नवलपरासीको सभापति हुनुभयो । विसं २०४८ को आमनिर्वाचनमा उहाँ नवलपरासी क्षेत्र नम्बर ४ बाट प्रतिनिधिसभा सदस्यमा उम्मेदवार हुनुहुन्थ्यो । विसं २०६२/६३ को जनआन्दोलनमा उहाँले नवलपरासीको नेतृत्व सम्हालुनुभएको थियो । त्यस बेला पनि उहाँ कारागारमा बस्नुभयो । काग्रेसको १२औँ महाधिवेशनबाट उहाँ केन्द्रीय सदस्यमा निर्वाचित हुनुभयो । विसं २०७० को संविधानसभा निर्वाचनमा उहाँ ३२५ मतले पराजित हुनुभएको थियो । उहाँ त्यतिबेला नवलपरासी क्षेत्र नम्बर ३ बाट चुनावी मैदानमा होमिनुभएको थियो ।

मुलुक सङ्घीयतामा गएपछि साविकको नवलपरासी विभाजन भएर दुई जिल्लामा परिणत भयो । पश्चिम नवलपरासी लुम्बिनी प्रदेशमा रह्यो भने पूर्व नवलपरासी गण्डकी प्रदेशमा रहन पुग्यो । मुलुकको कान्छो जिल्लाको पहिचान बनाएको नवलपुरबाट प्रतिनिधित्व गर्दै गण्डकी प्रदेशसभामा पुगेपछि नेपाली काग्रेसबाट मुख्यमन्त्री बन्ने पहिलो व्यक्ति हुनुभयो । साठी सदस्यीय गण्डकी प्रदेशसभामा प्रत्यक्ष र समानुपातिक गरी काग्रेसका १५ सदस्य छन् ।

एमाले माओवादी गठबन्धनको बहुमत आएसँगै काग्रेस सङ्ख्याका आधारमा प्रमुख प्रतिपक्षी दल बनेको थियो । मुख्यमन्त्री नेपाली यसअघि गण्डकी प्रदेशमा प्रमुख प्रतिपक्षी संसदीय दलको नेताका रूपमा चुनिनुभएको थियो ।

प्रदेशसभाका कामकारबाही चुस्त बनाउन र प्रदेश सरकारलाई जिम्मेवार बनाउन प्रतिपक्षी दलका नेताका हैसियतमा उहाँ जहिल्यै क्रियाशील रहनुभएको थियो । बजेट बाँडफाँटमा होस् वा निर्वाचन क्षेत्र पूर्वाधार कार्यक्रममा समानुपातिक सदस्यलाई गरिएको विभेदका विषयमा होस्, उहाँले प्रदेशसभाम आवाज उठाउँदै सरकारलाई सही दिशामा हिँड्न बाध्य बनाउनुभएको थियो ।

# विपद् व्यवस्थापनको पूर्व तयारीमा जुट्दै वालिङ

–तोलाकान्त बगाले
वालिङ, २९ जेठ

विपद्का कारण हुनसक्ने जनधनको क्षतिलाई न्यूनिकरण गर्नका लागि वालिङ नगरपालिकाले पूर्व तयारी थालेको छ ।

विश्वव्यापी महामारीकोरुपमा फैलिरहेको कोभिड १९ को नयाँ भेरियन्टसहितको दोस्रो लहरको व्यवस्थापनमा सक्रिय रहेको नगरपालिकाले जलवायु परिवर्तनका कारण हुनसक्ने संभावित क्षतिको न्यूनिकरणका लागि आवश्यक तयारीमा जुटेको हो । नगरप्रमुख एवं नगरस्तरीय विपद् व्यवस्थापन समितिका संयोजक दिलीपप्रताप खाँणको अध्यक्षतामा शुक्रबार बसेको बैठकले वर्षातका समयमा बाढी, पहिरोका कारण हुनसक्ने जनधनको क्षति न्यूनिकरणलाई मध्यनजर गर्दै आवश्यक तयारीमा जुटेको हो । "गतवर्षभन्दा यसवर्ष पानी धेरै आउने जल तथा मौसमविदहरुले पूर्वानुमान गरे अनुसार वालिङमा बाढी तथा पहिरो गई क्षति हुनसक्ने भएकाले जोखिमयुक्त बस्तीलाई सुरक्षित ठाँउमा सार्ने छौं", नगरप्रमुख खाँणले भन्नुभयो, "जोखिमयुक्त बस्तीलाई स्थायीरुपमा सुरक्षित स्थानमा स्थानान्तर कार्यमा लागिरहेका छौं, वर्षा अघि कामपूरा नभएकाले फेरि पनि अस्थायीरुपमा जोखिमयुक्त बस्तीलाई सुरक्षित ठाँउमा सारेर जीउधनको सुरक्षा गर्ने छौं ।" बाढी पहिरो जस्ता दैवी विपत्तीका कारण यहाँका नागरिकले अकालमा ज्यान गुमाउन नपरोस् भन्ने उद्देश्यले विपद् पूर्वको तयारीका साथै पछिको उद्दार लगायतको व्यवस्थापनका लागि जनप्रतिनिधि, सुरक्षाकर्मी, स्वास्थ्यकर्मी, सवारी साधनहरु, सवारी चालकलाई 'हाई अलर्ट' मा राख्ने गरी तयारी गरिएको छ ।

वर्षाका कारण ग्रामीण भेगमा जाने सडकहरु पहिरोका कारण बन्द हुन सक्ने भएकाले नगरपालिका तथा अन्य कम्पनीका डोजर, स्काभेटर समन्वय गरी बाटो सूचारु गर्ने, जुनसुकै बेला पनि समस्या आउन सक्ने भएकाले सवारी चालक तथा साधनको व्यवस्थापन गर्ने र विपद पछिका कार्यमा उद्दारका लागि जनप्रतिनिधि, सुरक्षाकर्मीहरु, स्वास्थ्यकर्मीहरुको संयुक्तरुपमा ३/४ समूह बनाएर राख्ने र तत्काल परिचालन गर्ने निर्णय गरेको छ । "नागरिकको जीउधनको सुरक्षाप्रति स्थानीय सरकारकोरुपमा रहेको नगरपालिका प्रतिबद्ध छ", उहाँले भन्नुभयो, "नगरका कुनैपनि भागमा घटना घटेको खबर पाउनासाथै आवश्यक जनशक्ति तथा उपकरणसहित पुग्ने गरी समूहहरु निर्माण गरिएको छ ।" उद्दार कार्यमा आवश्यक पर्ने सामाग्रीहरु नगरपालिकाले खरिद गर्ने निर्णय भएको सशस्त्र प्रहरी बल ३० नं. गुल्म वालिङका गुल्मपति मोहन न्यौपानेले बताउनुभयो ।

सशस्त्र प्रहरी तथा जनपथ प्रहरीले उद्दार कार्यका लागि अति आवश्यक पर्ने सामाग्रीहरुको सूचि तयार पारी नगरपालिकालाई बुझाउने र नगरपालिकाले उक्त सामग्रीहरु केही दिनभित्रै खरिद गर्ने पनि गुल्मपति न्यौपानेले बताउनुभयो ।

# भारतमा ७० दिनपछि सबैभन्दा कम संक्रमित

रासस
काठमाडौं, २९ जेठ

भारतमा कोरोनाभाइरसबाट ७० दिनपछि एकैदिनमा सबैभन्दा कम सङ्क्रमित भएका छन् ।

सरकारी अधिकारीहरुले शनिबार दिएको जानकारी अनुसार पछिल्लो २४ घण्टामा भारतमा ८४ हजार ३३२ जना नयाँ सङ्क्रमित थपिएका हुन् । केन्द्रीय स्वास्थ्य मन्त्रालयले सङ्क्रमितहरुको सङ्ख्या घट्दै गएकाले अवस्था सकारात्मक हुदै गएको भन्दै खुशी व्यक्त गरेको छ । नयाँ सङ्क्रमितसँगै भारतमा अहिलेसम्म कुल सङ्क्रमितको सङ्ख्या दुई करोड ९३ लाख ५९ हजार १५५ पुगेको पनि मन्त्रालयले जनाएको छ । कुल सङ्क्रमितमध्ये १० लाख ८० हजार ६९० जना अझै पनि सङ्क्रमित अवस्थमै रहेको अधिकारीहरूले जानकारी दिएका छन् । पछिल्लो एक दिनमा ४० हजार ९८१ जना कोरोनाभाइरसबाट सङ्क्रमण मुक्त भएको मन्त्रालयद्वारा सार्वजनिक तथ्याङ्कमा उल्लेख छ । मन्त्रालयका अनुसार सोही अवधिमा चार हजार दुई जनाको कोरोनाभाइरसका कारण मृत्यु भएको छ ।

योसँगै भारतमा अहिलेसम्म कोरोनाभाइरसबाट सङ्क्रमित भई मृत्यु भएकाहरुको कुल सङ्ख्या तीन लाख ६७ हजार ८१ पुगेको छ ।

भारतमा अहिलेसम्म सङ्क्रमण मुक्त भएकाहरुको कुल सङ्ख्या दुई करोड ७९ लाख ११ हजार ३८४ पुगेको अधिकारीहरुले जनाएको छन् । यसरी हेर्दा कुल सङ्क्रमित मध्ये ९५.०७ प्रतिशत सङ्क्रमण मुक्त भएको देखिएको छ ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं. ९ नयाँबजार महेन्द्र मा.वि. को अगाडिदेखि चण्डिका मन्दिर जाने चोकसम्मको बाटो निर्माण गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।**

**योजनाको नाम : नयाँबजार महेन्द्र मा.वि.को अगाडिदेखि चण्डिका मन्दिर जाने चोकसम्मको बाटो निर्माण**

**आयोजना स्थल: पोखरा-९, दरवारथोक मार्ग नं.२**

**योजना सम्झौता मिति : २०७७/११/२६ गते**

**योजना सम्पन्न मिति : २०७८/०१/१४ गते**

**योजनाको कुल लागत : रु. १३,०८,३०२।७२**

**स्वीकृत लागत अनुमान: रु १३,०४,६४५।२२**

**वडा स्तरिय बजेट रकम : रु. १०,००,०००।–**

**उपभोक्त समितिबाट : रु. ३,०८,३०२।७२**

**पूर्ण बहादुर भुजेल**
**अध्यक्ष**
**चण्डिका मन्दिर जाने चोकसम्मको बाटो निर्माण समिति**
**पोखरा -९ दरबारथोक मार्ग**